गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

आर्थिक वर्ष: ४ | अंक: ३३ | महिना: ३३ | असोज २०८२

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा असोज महिनामा सम्पादित कार्यक्रम

## न्युनतम सेवा मापदण्ड (MSS) तालिम सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना, प्रादेशिक स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको प्राविधिक सहयोग तथा फेयरमेड र नेपाल गाजा डेभलपमेन्ट फाउन्डेशनको सहयोगमा बागलुङ जिल्लामा न्युनतम सेवा मापदण्ड तालिम सम्पन्न भएको छ। गण्डकी प्रदेश मातहत बागलुङ जिल्लाका सबै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र रुकुम पूर्वका ३ वटा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको तालिममा सहभागिता रहेको थियो।





धौलागिरी प्रादेशिक अस्पताल बागलुङका कन्सल्टेन्ट डा. अमित ढुंगाना र प्रादेशिक स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्मा मुख्य प्रशिक्षक रहनु भएको उक्त कार्यक्रमको उदघाटन कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका निमित्त कार्यालय प्रमुख घनश्याम सापकोटाको अध्यक्षतामा संचालन भएको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत कुसुमशिला भट्ट, वरिष्ठ क्षयकुष्ठ निरिक्षक देवप्रकाश घिमिरेका साथै फेयरमेडका टिम लिडर गणेश बरुवाल, सुशील नेपाल एवं नेपाल गाजा डेभलपमेन्ट फाउन्डेशनका कर्मचारीको समेत उपस्थिति रहेको थियो।

# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा असोज महिनामा सम्पादित कार्यक्रम

## डेंगी रोग नियन्त्रण अभियान

प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ र बागलुङ नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा मिति २०८२ असोज २६ गते डेंगी रोग नियन्त्रणका लागि प्रदेश विभिन्न सरोकारवाला निकायसंग बैठक बसी विभिन्न कार्यक्रमको योजना बनाई डेंगी खोज र नष्ट गर अभियान संचालन गर्ने निर्णय गरी सोहि अनुरुप कार्यक्रम अघि बढाएको छ।

डेंगी रोग नियन्त्रण अभियान अन्तर्गत बागलुङ जिल्लामा गरिएका प्रमुख गतिविधिः

- बागलुङ नगरपालिकाका वडा नं १, २, ३ र ४ मा डेंगी संक्रमण दर उच्च रहेका कारण उक्त वडाका सम्पूर्ण टोलमा स्वास्थ्य आमा समुह, स्वास्थ्यकर्मी, शिक्षक, विद्यार्थी, सुरक्षा निकाय एवं जनप्रतिनिधिको सहयोगमा मिति २०८२ असोज २७ गते समुदाय सचेतना एवं लार्भा खोज र नष्ट गर अभियान संचालन गरियो।
- बागलुङ जिल्लाका सम्पूर्ण स्थानीय तहमा विभिन्न सरोकारवाला (वडा, समुदाय एवं विद्यालय) संग डेंगी तथा स्क्राब टाइफस रोग सम्बन्धि सचेतना कार्यक्रम एवं खोज र नष्ट गर कार्यक्रम संचालन गर्ने निर्णय गरी सोहि अनुरुप कार्यक्रम संचालन गरियो।
- प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ, बागलुङ नगरपालिका एवं सम्बोधन परियोजनाको समन्वयमा २०८२ कार्तिक मसान्त सम्म डेंगी रोग विरुद्ध माइकिङ तथा एफ.एम द्वारा सन्देशमुलक सुचना प्रसारण गर्ने निर्णय गरी सोहि अनुरुप कार्य गरियो।




















## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

### बागलुङ नगरपालिका

- मासिक समीक्षा बैठक कार्यक्रम तथा डाटा भेरिफिकेसन गरिएको।
- राष्ट्रिय क्षयरोग कार्यक्रमको आ व २०८१/८२ को वार्षिक समीक्षा कोहट एनालाइसिस तथा योजना कार्यक्रम सम्पन्न गरिएको।
- विश्व दृष्टि दिवस २०२५ तथा विश्व मानसिक स्वास्थ्य दिवस २०२५ मनाइएको।
- डेङ्गु लगायत किटजन्य रोगको रोकथाम तथा नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको।

### गलकोट नगरपालिका

- डेंगी तथा जापनिज इन्सिफलाइटिस रोगहरुको रोकथामका लागि समुदाय तथा विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको।
- गलकोट नगर अस्पतालमा प्रशुती प्रतीक्षा घरको स्थापना गरिएको।
- सरसफाई तथा विश्व हातधुने दिवसको उपलक्ष्यमा सरसफाई सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिएको।
- मानसिक स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिएको

- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका को मासिक बैठक सम्पन्न गरिएको।
- एचआइभी संक्रमितहरूलाई खाद्य तथा सरसफाई सामग्री वितरण गरिएको
- पोषण प्रोत्साहन कार्यक्रम नियमित रुपमा संचालन गरिएको।

## जैमिनी नगरपालिका

- २०८२ भाद्र महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको मासिक बैठक तथा समीक्षा सम्पन्न गरिएको।
- डेंगी रोग बिरुद्ध लार्भा खोज र नष्ठ गर अभियान तथा सरसफाई कार्यक्रम संचालन गरीएको।
- मोतियाबिन्दुको स्क्रिनिङ र आँखाको उपचार तथा ५८ जनाको बिरामीको निशुल्क मोतियाबिन्दुको सल्यक्रिया गरिएको।
- स्त्री रोग सम्बन्धि निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको
- सरसफाई तथा विश्व हातधुने दिवसको उपलक्ष्यमा सरसफाई सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिएको ।
- मानसिक स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिएको।
- महिला सामुदायीक स्वास्थ्य स्यंमसेविकाहरुको मासिक बैठक तथा समिक्षा सम्पन्न गरिएको।

## ढोरपाटन नगरपालिका

- स्वास्थ्य संस्था स्तरिय मासिक समीक्षा बैठक संचालन गरिएको।
- सरसफाइ तथा हातधुने दिवस सम्बन्धी समुदाय स्तरिय कार्यक्रम संचालन गरिएको।
- विद्यालय, समुदाय स्तरमा स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको।
- डेंगी रोग विरुद्ध लार्भा खोज र नष्ट गर अभियान संचालन गरिएको।

## निसिखोला गाउँपालिका

- स्वास्थ्य संस्था स्तरीय मासिक समिक्षा बैठक संचालन गरिएको ।
- विद्यालय तथा समुदाय स्तरीय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको ।
- डेंगी रोग विरूद्व लार्भा खोज र नष्ट कार्यक्रम संचालन गरिएको ।
- आ.व.२०८१/०८२ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको ।

## बडीगाड गाउँपालिका

- स्वास्थ्य संस्था स्तरिय मासिक समीक्षा बैठक संचालन
- आधारभुत स्वास्थ्य सेवा केन्द्र खर्बांगमा परिवार योजना कार्यक्रमको Satelite Camp संचालन गरिएको।
- सरसफाइ तथा हातधुने दिवस सम्बन्धी समुदाय स्तरिय कार्यक्रम संचालन गरिएको।
- विधालय, समुदाय स्तरमा स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको।
- डेंगी रोग विरुद्ध लार्भा खोज र नष्ट गर अभियान संचालन गरिएको।

## काठेखोला गाउँपालिका

- २०८२ भाद्र महिनामा सम्पादित स्वास्थ्य कार्यक्रहरुको मासिक समीक्षा संचालन गरिएको।
- धम्जा र लेखानी स्वास्थ्य चौकीमा परिवार योजना कार्यक्रमको Satelite Camp सम्पन्न गरीएको।
- धम्जा तंग्राम बिहुँकोट स्वास्थ्य चौकी र बिहुँ आधारभुतमा RUSG कार्यक्रम संचालन गरिएको।

## बरेङ गाउँपालिका

- स्वास्थ्य कार्यक्रमको आ व २०८१/०८२ को वार्सिक समिक्षा सम्पन्न गरिएको।
- क्षयरोग कार्यक्रमको आ व २०८१/०८२ को वार्सिक समिक्षा तथा कोहर्ट विश्लेषण गरिएको।
- सबै स्वास्थ्यचौकीहरुमा गर्भवती महिलाहरुको नि शुल्क भिडियो एक्स रे गरिएको।

- मानसिक स्वास्थ्य दिवसको अवसरमा पालिका अन्तर्गतका विद्यालयका शिक्षक तथा मनोसामाजिक परामर्शदाताहरुका लागि २ दिने अन्तर्क्रियात्मक कार्यक्रम संचालन गरीएको।
- सरसफाइ तथा हातधुने दिवस सम्बन्धी कार्यक्रम संचालन
- लेखानी स्वास्थ्य चौकीमा पोषण सम्बन्धी खाद्य प्रदर्शनी कार्यक्रम संचालन गरिएको।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको मासिक बैठक तथा समीक्षा संचालन गरिएको।
- सबै स्वास्थ्यचौकीहरुमा अक्सिजन सिलिन्डरको आपूर्ति गरिएको।
- स्वास्थ्य उपकरण खरिदको लागि आवश्यकता पहिचान र लागत अनुमान तयार गरिएको।
- हुग्दिशिर स्वास्थ्यचौकी द्वारा आ व २०८१/०८२ को वार्सिक प्रतिवेदन सार्वजनिक गरिएको।

## तमानखोला गाउँपालिका

- स्वास्थ्य संस्थाहरूद्वारा सम्पादित कार्यक्रमहरुको मासिक समीक्षा तथा डेटा भेरिफिकेसन गरिएको।
- प्रसुती र नवजात शिशुलाई आपतकालीन अवस्थामा प्रेषण गर्न जनप्रतिनिधि ,धामीझाँक्री तथा धार्मिक अगुवा संग अन्तरक्रिया कार्यक्रम गरिएको।
- डेङ्गी लगायत किटजन्य रोग नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान संचालन गरिएको।

## ताराखोला गाउँपालिका

- पालिका स्तर तथा स्वास्थ्य संस्था स्तरिय मासिक समिक्षा बैठक संचालन गरिएको।
- १० अक्टोबर तदनुसार असोज २४ गते विश्व मानसिक स्वास्थ्य दिवस विविध कार्यक्रम गरी मनाइएको।
- सबै स्वास्थ्य संस्थाहरुमा खोप, वृद्दि अनुगमन, सरसफाई सेसन लगाएत नियमित कार्यक्रमहरु सञ्चालन भैरहेको।
- किशोर किशोरीहरुलाई आइरन चक्की वितरण गरिएको।

**प्रकाशित मितिः २०८२ कार्तिक १३**